तिरहुत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोईठी, सप्तरी

मधेश प्रदेश, नेपाल

## चालु आ.व. २०८०/०८१ को लागि कार्यक्रम संचालन गर्न सेवा प्रदायक संघ/संस्थाहरुबाट शिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी म्याद थप सम्बन्धी सूचना

### प्रथम पटक म्याद थप गरिएको तथा सूचना संशोधन गरिएको सम्बन्धी सूचना

प्रकाशित मिति २०८१/०१/२६ गते

तिरहुत गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत लघु उद्यम, सामाजिक विकास कार्यक्रम अन्तरगत तपसिल बमोजिमका कार्यक्रमहरु गैर सरकारी संस्थाहरु मार्फत संचालन गर्नु पर्ने भएकोले सोको लागि ईच्छुक गैह्र सरकारी संस्थाहरुसँग शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको म्याद थप गरी गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सरोकारबाला सबैमा जानकारीको लागि अनुरोध छ । साथै तिरहुत गा.पा.को आन्तरिक राजश्व खाता नं. 2332050029509002 एन.आई.सि. एसिया बैंकमा रकम रु.५००/- (पाँच सय मात्र ।) जम्मा गरी सोको सक्कलै भौचर सहित पेश गर्नु पर्ने छ । सक्कल भौचर पश्चात निवेदन दिई ToR गाउँपालिकाबाट उपलबध हुनेछ । साथै संघ/संस्थाहरुले प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा शिलबन्दी गरी पेश गर्नु पर्नेछ । ToR मा उल्लेखित शर्तहरु बमोजिम कार्यालयबाट संघ/संस्थाहरु छनौट गरी कार्यान्वयन गरिने छ । तालिम संचालन गर्नु पर्ने स्थान तथा अन्य विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । कुनै पनि संस्थाले पेश गरेको प्रस्ताव स्वीकृत/अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित हुनुको साथै सूचनामा उल्लेख भए बाहेक अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | अन्तरगत | रकम रु. |
|---|---|---|---|
| १ | आईस्क्रिम बनाउने शिपमूलक तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम | लघु उद्यम तर्फ | ७,००,०००/- |
| २ | पेपर प्लेट, कचौरा बनाउने शिप मूलक तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम | ,, ,, | ७,००,०००/- |
| ३ | भुजिया, पापड बनाउने शिपमूलक तालिम तथा प्रविधि हस्तान्तरण गर्ने कार्य | ,, ,, | ६,००,०००/- |
| ४ | बिन्दी, नेलपोलिस बनाउने शिपमूलक तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम | ,, ,, | ५,००,०००/- |
| ५ | कम्प्यूटर, ल्यापटप र मोबाईल रिपेयरिङ्ग गर्ने तालिम र रिपेयरिङ्ग गर्ने सामाग्रीहरु वितरण कार्यक्रम | ,, ,, | ७,००,०००/- |
| ६ | नुहाउने साबुन बनाउने शिप मूलक तालिम | वडा स्तरीय (१ नं.) | २,५०,०००/- |
| ७ | फिनेल हर्पिक बनाउने तालिम | ,, ,, | ५,००,०००/- |
| ८ | फिनेल हर्पिक बनाउने शिपमूलक तालिम | वडा स्तरीय (३ नं.) | ३,००,०००/- |
| ९ | नुहाउने साबुन बनाउने शिप मूलक तालिम | ,, ,, | ३,००,०००/- |
| १० | बहुविवाह र बालबिवाह सम्बन्धी चेतनामूलक सडक नाटक कार्यक्रम | पंजिकरण तथा सामाजिक सुरक्षा | ३,००,०००/- |
| ११ | शिक्षा इन्टरनेट तथा सामाजिक संजालको प्रयोग सम्बन्धी विद्यालयका छात्रछात्राहरुलाई तालिम | सामाजिक विकास | ५,००,०००/- |
| १२ | जलवायु परिवर्तन सम्बन्धी तालिम | ,, ,, | ५,००,०००/- |
| १३ | स्थानीय स्व.शासनमा युवाहरुको सम्बन्धी अन्तर्गत कार्यक्रम | ,, ,, | ५,००,०००/- |
| १४ | स्यानिटरी प्याडको प्रयोग तथा व्यवस्थापन सम्बन्धी छात्रछात्राहरुलाई तालिम | ,, ,, | ५,००,०००/- |
| १५ | लागु औषध न्यूनीकरण सम्बन्धी कार्यक्रम | ,, ,, | ५,००,०००/- |
| १६ | मध्यस्तता सम्बन्धी अन्तरक्रिया तथा वर्कशप | न्यायिक समिति तर्फ | ३,५०,०००/- |
| १७ | पदाधिकारीहरुलाई तालिम | ,, ,, | ३,००,०००/- |
| १८ | न्यायीक समितिलाई क्षमता अभिवृद्धि कार्यक्रम | ,, ,, | ३,५०,०००/- |
| १९ | पपिता खेतीको तालिम, बोट वितरण, मलखाद र औषधि वितरण कार्यक्रम | गाउँपालिका | ५,००,०००/- |
| २० | स्याउ खेतीको तालिम, बोट वितरण, मलखाद र औषधि वितरण कार्यक्रम | ,, ,, | ७,००,०००/- |
| २१ | ड्रयागन फ्रुटस्को खेती गर्ने तालिम, बोट बिरुवा मलखाद र औषधि वितरण कार्यक्रम | ,, ,, | ७,००,०००/- |
| २२ | आपको बोटविरुवा खेतीको तालिम, बोट वितरण, मलखाद र औषधि वितरण कार्यक्रम | ,, ,, | ५,००,०००/- |
| २३ | एलोवेरा खेतीको तालिम, बोट वितरण, मलखाद, औषधि वितरण कार्यक्रम | ,, ,, | ५,००,०००/- |
| २४ | विभिन्न जातका फलफुल खेतीको तालिम, बोट वितरण, मलखाद र औषधि वितरण कार्यक्रम | ,, ,, | ५,००,०००/- |
| २५ | कागती खेतीको तालिम, बोट वितरण, मलखाद र औषधि वितरण कार्यक्रम | ,, ,, | ६,००,०००/- |
| २६ | च्याउ खेतीको तालिम, बोट वितरण, मलखाद र औषधि वितरण कार्यक्रम | ,, ,, | ५,००,०००/- |

०८१/१/२६

- प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत